# शिक्षक तथा विद्यालय कर्मचारी
# दरबन्दी मिलान र सरुवा- व्यवस्थापन कार्यविधि, २०७६
## पहिलो संशोधन — २०७७/०४/०१

**दफा (२) को परिभाषा खण्ड (ङ) थप।**

सरुवा भन्नाले गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षक तथा कार्यरत कर्मचारीको पूर्ण वा काज दुवै सरुवालाई सम्झनुपर्दछ।

**दफा (३) को खण्ड (१) मा (छ) थप।**

कुनै माध्यमिक विद्यालयमा मा. वि. तहको र आधारभुत विद्यालयमा आधारभुत तहको स्वीकृत स्थायी दरबन्दी नभएको अवस्थामा विद्यालयको प्रशासनिक एवम् शैक्षिक गतिविधिलाई व्यवस्थित बनाउन कञ्चन गाउँ शिक्षा समितिले आवश्यक ठानी काज सरुवा गर्न मनासिव देखेमा समितिको सिफारिस गाउँ कार्यपालिकाले अनुमोदन गरेपछि शिक्षा अधिकृतले सो अनुसार गाउँपालिका भित्र काज सरुवा गर्न सक्नेछ। त्यसरी काज सरुवा गर्दा जुन विद्यालयमा काज सरुवा भई गएको हो त्यहींबाट तलब भत्ता खाने गरी सरुवाको व्यवस्था मिलाउनु पर्नेछ।

**दफा (३) को खण्ड (२) मा ग (१) थप।**

दरबन्दी मिलान कार्य नहुँदा सम्म तहगत रुपमा स्वीकृत स्थायी दरबन्दी नभएका विद्यालयमा विद्यालयको व्यवस्थापकीय एवम् शैक्षिक पक्षलाई थप सुदृढ गर्न कञ्चन गाउँ शिक्षा समितिले मनासिव ठानेमा सो को सिफारिस गाउँ कार्यपालिकामा प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गरी अनुमोदन भएमा सम्बन्धित विद्यालयहरुको सहमतिमा शिक्षा अधिकृतले काज सरुवा गर्न सक्नेछ तर यदि सहमति जुट्न नसकेमा पनि सहमति बिना पनि गाउँ कार्यपालिकाको निर्णय अनुसार काज सरुवा गर्न सकिनेछ। काज सरुवा भई जाने शिक्षकलाई साविकको विद्यालयले अविलम्ब रमाना पत्र दिनुपर्नेछ।

<u>आज्ञाले</u>

कृष्ण प्रसाद पन्थी

प्रमुख प्रशासकीय अधिकृत